# प्रदेशका बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** प्रदेश सरकारले सञ्चालन गर्ने प्रदेश गौरव तथा बहुवर्षीय आयोजनाहरुको प्राथमिकता निर्धारण, छनौट तथा समग्र आयोजना व्यवस्थापन प्रणालीलाई पारदर्शी बनाई बजेटको सुनिश्चितता प्रदान गरी समयमै गुणस्तरीय ढंगबाट सम्पन्न गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रदेशका बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "**आयोग**" भन्नाले प्रदेश योजना आयोग सम्झनु पर्छ ।

(ख) "**आयोजना**" भन्नाले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय वा निकायको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका आयोजनामध्ये प्रदेश गौरवका आयोजना वा प्रदेश सरकारको प्राथमिकतामा परेका वा तयारी पूरा भएका आयोजना वा त्यस्ता आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनु पर्छ ।

(ग) "**मन्त्रालय**" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सम्झनु पर्छ ।

(घ) "**बहुवर्षीय आयोजना**" भन्नाले प्रदेश गौरवका आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा एक आर्थिक वर्षभन्दा बढी तीन आर्थिक वर्षसम्मको अवधिको आयोजना सम्झनु पर्छ ।

(ङ) "**स्रोत सहमति**" भन्नाले बहुवर्षीय आयोजनाका लागि आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउन मन्त्रालयबाट उपलब्ध गराइएको सहमति वा स्वीकृति सम्झनु पर्छ ।

(च) "**सम्बन्धित मन्त्रालय**" भन्नाले बहुवर्षीय आयोजनाको कार्यान्वयन तथा व्यवस्थापन गर्ने प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ ।

(छ) "**प्रदेश गौरवको आयोजना**" भन्नाले प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ ।

**३. आयोजना प्रस्ताव पेश गर्नेः** (१) आयोजनाको बहुवर्षीय स्रोत सहमति वा स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयले देहायका विवरण संलग्न गरी कार्तिक मसान्तभित्र आयोगमा आयोजना प्रस्ताव पेश गर्नु पर्नेछ ।

(क) अनुसूची-१ बमोजिमको आयोजना प्रस्ताव सम्बन्धी विवरण,

(ख) अनुसूची-२ बमोजिमको आयोजनाको लागि बहुवर्षीय स्रोत सहमति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेक लिष्ट,

(ग) अनुसूची-३ बमोजिमको ढाँचामा आयोजनाको लागि आवश्यक पर्ने चालु, पुँजीगत, वित्तीय व्यवस्थाको बजेट स्रोत र प्रमुख क्रियाकलापसहित प्रमाणित गरेको विवरण,

(घ) अनुसूची-४ बमोजिमको ढाँचामा आयोजनाको बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी माग फाराम।

(२) उपदफा (१) बमोजिम सहमतिका लागि सम्बन्धित मन्त्रालय वा निकायबाट आयोजना प्रस्ताव प्राप्त भएपछि आयोगले मंसिर मसान्तभित्र आवश्यक अध्ययन तथा मूल्याङ्कन गरी बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति वा स्वीकृति प्रदान गर्न उपयुक्त देखेमा स्रोत सहमतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त आयोजनाका लागि मन्त्रालयले स्रोत उपलब्धताका आधारमा पुष मसान्तभित्र स्रोत सहमति सम्बन्धमा आवश्यक निर्णय गरी सोको जानकारी आयोग र सम्बन्धित मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) मन्त्रालय वा निकायले बहुवर्षीय आयोजनाको प्रस्ताव पेश गर्दा प्रदेश आयोजना बैंकमा समावेश भएको आयोजनामात्र प्रस्ताव गर्नुपर्नेछ।

(५) यस दफा बमोजिम सम्बन्धित मन्त्रालय वा निकायले बहुवर्षीय आयोजनाको प्रस्ताव गर्दा आयोजनाको कुल अनुमानित लागतको न्यूनतम एक चौथाई रकम सोही आर्थिक वर्षमा विनियोजन गरेको हुनुपर्नेछ।

**४. बहुवर्षीय स्रोत सम्बन्धी सीमा र क्षेत्रः** (१) कुल लागत अनुमान पाँच करोड रुपैयाँभन्दा बढीको देहायका क्षेत्रमा कार्यान्वयन हुने आयोजनालाई आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रदान गर्न उपयुक्त देखेमा स्रोत सहमतिका लागि मन्त्रालयमा सिफारिस गर्न सक्नेछः-

(क) सडक, पुल, जल यातायात, रज्जुमार्ग, सुरुङ मार्ग तथा अन्य यातायात पूर्वाधार,

(ख) ऊर्जा, सिंचाई तथा जलस्रोत,

(ग) सूचना प्रविधि तथा सञ्चार,

(घ) आवास, भवन तथा सहरी विकास,

(ङ) कृषि, औद्योगिक तथा व्यापारजन्य पूर्वाधार,

(च) खानेपानी र सरसफाइ,

(छ) भू तथा जलाधार व्यवस्थापन र नदी नियन्त्रण

(ज) खेलकुद पूर्वाधार

(झ) शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि पूर्वाधार,

(ञ) सांस्कृतिक, पुरातात्विक तथा पर्यटन पूर्वाधार निर्माण र संरक्षण,

(ट) विपद् प्रतिकार्य, पुनःनिर्माण तथा पुनर्स्थापना,

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालयको अनुरोधमा यस मापदण्डमा तोकिएका आधार पूरा गरेका सरकारी भवन, पुल/कल्भर्ट, झोलुङ्गेपुल, डिपट्युबेल (सिंचाइ तथा खानेपानी प्रणाली), हेड वर्क्स (खानेपानी तथा सिंचाइ) निर्माणको हकमा कुल लागत अनुमान पाँच करोड रूपैयाँभन्दा कमको आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न मन्त्रालयले सहमति दिन सक्नेछ ।

**५. आयोजना स्वीकृतिका आधारः** कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गर्न आयोजना प्रस्ताव गर्ने सम्बन्धित मन्त्रालयले देहायका मापदण्ड तथा आधारहरू अवलम्बन गर्नु पर्नेछः-

(क) लुम्बिनी प्रदेशको आवधिक योजनाले तय गरेका प्राथमिकता प्राप्त क्षेत्रका आयोजना,

(ख) प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश गौरवको आयोजनाको रुपमा कार्यान्वयन गर्ने भनी निर्णय भएको आयोजना,

(ग) ५० करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका आयोजनाको हकमा विषयगत मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भएको,

(घ) प्रदेश आयोजना बैङ्कमा समावेश भएको,

(ङ) डिजाइन र निर्माण ठेका सम्झौता (डिजाईन एण्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट), ई.पि.सि. (इन्जिनियरिङ्ग प्रोक्युरमेन्ट कन्ट्रयाक्ट) बाहेक अन्य ठेक्काको हकमा वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा संक्षिप्त बातावरणीय अध्ययन सम्पन्न भएको तर ५० करोड रुपैयाँ भन्दा कम लागतको आयोजनाको हकमा निर्माण शुरु हुनु अघि वातावरणीय अध्ययन गर्ने सुनिश्चितता भएको,

(च) आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नुपर्ने भएमा अधिग्रहण वा प्राप्तिको कानूनी प्रकृया टुङ्गिएको तथा कानून बमोजिम दिनुपर्ने मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने काम सम्पन्न भई सकेको,

(छ) सडकको हकमा प्रदेश सडक गुरुयोजनाको सूचीमा समावेश भएको,

(ज) सम्बन्धित मन्त्रालयबाट स्वीकृत भएको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भएको,

(झ) प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा वा सह-लगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र हिस्सा, लगानी तथा सञ्चालन विधि र लाभ बाँडफाँट अनुपात सुनिश्चित भएको,

(ञ) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भएको।

**६. बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न सहमति दिनेः**

(१) दफा ५ मा उल्लिखित आधार र प्रकृया पूरा गरी, अनुसूची-४ बमोजिमको स्रोत सुनिश्चितता माग फारामको विवरण सम्बन्धित मन्त्रालयको निर्णय सहित अनुरोध भई आएको आयोजनालाई यस मापदण्डमा तोकिएका आधार पूरा गरेको अवस्थामा आयोगले त्यस्तो आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न सिफारिस सहित स्रोत सुनिश्चितताको लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहमति दिँदा सम्बन्धित आयोजनाको कुल लागतमध्ये चालु आर्थिक वर्षमा २५ प्रतिशत (अनिवार्य), दोस्रो वर्षसम्ममा न्यूनतम ६५ प्रतिशत र अन्तिम बर्षमा बाँकी बजेट विनियोजन गर्ने सुनिश्चतता गरी सिफारिस गर्नुपर्नेछ।

**७. मन्त्रालयले स्रोत सहमति दिनेः**

(१) दफा ६ बमोजिम प्रदेश योजना आयोगको निर्णयबाट बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्न सिफारिस सहित स्रोत सुनिश्चितताका लागि आएका र दफा ४ को उपदफा २ बमोजिम प्राप्त आयोजनालाई मन्त्रालयले यस मापदण्डको अधीनमा रही आवश्यकता, औचित्यता र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयनमा लैजान स्रोत सहमति दिन सक्नेछ ।

(२) यस मापदण्ड बमोजिम तोकिएका आधार र प्रकृया पूरा नभई स्रोत सहमतिका लागि अनुरोध भई आएका आयोजना वा कार्यक्रमलाई मन्त्रालयले आयोगमा फिर्ता पठाउन सक्नेछ।

**८. स्रोत सहमति प्राप्त बहुवर्षीय आयोजनाको ठेक्का सम्बन्धी व्यवस्थाः**

(१) दफा ७ बमोजिम स्रोतको सुनिश्चितता प्राप्त भए पश्चात् सम्बन्धित मन्त्रालय वा निकायले सम्बन्धित आयोजनाको लागि स्रोत सहमतिको सीमाभित्र रही बहुवर्षीय खरिद प्रकृया अगाडि बढाउन सक्नेछ ।

(२) यस मापदण्ड बमोजिम बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजना सोही आर्थिक वर्षको असार मसान्तभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः रद्द हुनेछ ।

तर पुनः ठेक्का गर्नुपर्ने अवस्था वा न्यायिक प्रक्रियाको कारण सम्झौता हुन नसकेमा आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

(३) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट कुनै आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायले प्राप्त बजेट सीमाभित्र रही अनिवार्य विनियोजन गर्नुपर्नेछ ।

**९. कार्यान्वयन गर्ने निकाय र जिम्मेवारीः** (१) बहुवर्षीय आयोजनाको सञ्चालन गर्ने गराउने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा निकायको हुनेछ ।

(२) बहुवर्षीय स्रोत सहमति दिइएका आयोजनाको लागि पछिल्ला वर्षहरूका लागि सिर्जना हुने दायित्व बजेट तर्जुमा गर्दा बजेटको क्षेत्रगत सीमाभित्र रही विनियोजन प्रस्ताव गर्नु पर्नेछ ।

(३) सम्बन्धित मन्त्रालयले प्रत्येक वर्षको फागुन मसान्तभित्र अनुसूची-५ को ढाँचामा बहुवर्षीय ठेक्काको अद्यावधिक विवरण तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) आयोजना कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले प्रत्येक वर्षमा बहुवर्षीय स्रोत सहमति वा स्वीकृतिको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

**१०. विशेष व्यवस्थाः** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८२।८३ को लागि देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित मन्त्रालयले दफा ३ बमोजिमको प्रस्ताव बैशाख मसान्तभित्र आयोगमा पेश गर्न सक्नेछ। आयोगले १५ दिनभित्र मन्त्रालयमा सहमतिको लागि पठाउनु पर्नेछ ।

(ख) दफा ३ को उपदफा (५) बमोजिम तोकिएको बजेट विनियोजन हुनुपर्ने न्यूनतम सिलिङ्ग पुरा नभएको अवस्थामा पनि सहमति दिन बाधा पर्ने छैन। यसरी स्रोत सहमति प्रदान गरिएको आयोजना तीन वर्षभित्र सम्पन्न हुने गरी बाँकी अवधिको लागि सम्बन्धित मन्त्रालय वा निकायले अनिवार्यरुपमा बजेट विनियोजन गर्नुपर्नेछ।

(ग) आर्थिक वर्ष २०८२/८३ भित्रमा ठेक्का सूचना प्रकाशन हुन नसकेमा त्यस्तो स्रोत सहमति स्वत: रद्द हुनेछ ।

(घ) यसरी स्रोत सहमति भई कार्यान्वयनमा गएको आयोजना सम्झौता भएको मितिले ३ वर्ष भित्रमा सम्पन्न गर्नुपर्नेछ ।

(ङ) दफा ३ को उपदफा (४) र दफा ५ को खण्ड (घ)को व्यवस्था बाध्यात्मक नहुने।

**११. स्थानीय तहको सम्बन्धमा विशेष व्यवस्थाः**

(१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहसँग प्रस्ताव आह्वान भई समपूरक वा विशेष अनुदानबाट बढीमा तीन वर्षभित्र सम्पन्न हुने गरी स्वीकृत गरिएका आयोजना वा कार्यक्रम यसै मापदण्ड बमोजिम स्वीकृत बजेट रकमसम्मको स्रोत सुनिश्चितता भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजना वा कार्यक्रमहरुको लागि सिर्जना हुने आर्थिक दायित्व बराबरको रकम सम्बन्धित आर्थिक वर्षको बजेट सीमा भित्र रही विनियोजन गर्नु पर्नेछ ।

**१२. अनुसूची हेरफेर गर्न सक्नेः** यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नु पर्ने भएमा मन्त्रालयले हेरफेर वा थपघट गर्न सक्नेछ ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** (१) यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषय सोही बमोजिम हुनेछ ।

(२) यस मापदण्डमा उल्लेख गरिएको व्यवस्थामा कुनै द्विविधा भएमा आयोगको परामर्शमा मन्त्रालयले आवश्यक ब्याख्या गरी स्पष्ट गर्न सक्नेछ ।

**१४. खारेजी र बचाउः**

(१) प्रदेशको आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्ड बमोजिम भए गरेको काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

बहुवर्षीय ठेक्का बन्दोवस्तका लागि प्रस्तावित आयोजनाको विवरण ढाँचा

लुम्बिनी प्रदेश सरकार

..............................मन्त्रालय

आयोजना प्रस्ताव फाराम

**खण्ड (क)**

क. आयोजनको आधारभूत विवरण

१ आयोजनको नामः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४ आयोजनको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन ☐

६. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्याः

७. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरूः

(क) कार्यान्वयन क्षेत्रः-

जिल्लाः............. प्रादेशिक निर्वाचन क्षेत्रः...............

न.पा./गा.पा..........

(ख) छनोटका आधारहरूः-

८. आयोजनाको कुल लागतः-

९. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) सुरु हुने मितिः- (ख) सम्पन्न हुने मितिः-

१०. आयोजना कार्यान्वयन गर्ने निकायः-

## खण्ड (ख)

### क. आयोजनाको वित्तीय/आर्थिक विवरण (रु.हजारमा)

१. आयोजनाको कुल लागत र स्रोतको विवरण (रु. हजारमा)

| स्रोतको विवरण | भुक्तानी प्रकार | आन्तरिक स्रोत | | | वैदेशिक स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | | लुम्बिनी प्रदेश सरकार | स्थानीय सरकार | लाभग्राही समूह | अनुदान | ऋण | प्राविधिक सहायता |
| प्रदेश सरकार | | | | | | | |
| दातृ निकाय | | | | | | | |
| आन्तरिक/बाह्य | | | | | | | |
| प्राविधिक सहायता | | | | | | | |
| स्रोतगत जम्मा | | | | | | | |
| कुल लागत | | | | | | | |

२. आयोजनाको कूल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु.हजारमा)

| आर्थिक वर्ष | बजेट | कार्य परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

३. परामर्शदाता सम्बन्धी विवरण:

(क) आयोजनामा रहने कुल परामर्शदाताको संख्या:

स्वदेशी:

विदेशी:

(ख) आयोजनामा रहने कुल परामर्शदाताको वार्षिक बाँडफाँट रकम (रु. हजारमा):

| आर्थिक वर्ष | अनुमानित खर्च | |
|---|---|---|
| | स्वदेशी | विदेशी |
| | | |
| जम्मा | | |

४. आयोजनाको ठेक्का संख्या र रकम:

| आयोजना अवधिको | |
|---|---|
| संख्या | रकम |
| | |

५. आयोजनाको सम्भाव्यता अध्ययन:

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ,छैन? नभएको भए हुनु नपर्ने कारण:

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्ष:

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्ष:

६. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषण: (५० करोड भन्दा बढी लागत भएका आयोजनाका हकमा)

(क) लागत फिर्ता अवधि (Pay-back Period)

(ख) लाभ-लागत अनुपात (Benefit cost Ratio)

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return-FIRR)

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return - EIRR)

(ङ) खुद वर्तमान मूल्य (Net Present Value - NPV)

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

(छ) सम्भाव्यता अध्ययन गर्ने निकाय:

७. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने):

## खण्ड (ग)

क. प्रशासनिक तथा व्यवस्थापकीय विवरण :

१. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्था

(क) आवश्यक जग्गा (क्षेत्रफल):

(ख) जग्गा प्राप्त भएको/नभएको:

(ग) जग्गाको प्रकार:

(घ) प्राप्त भएको जग्गाको स्थान, क्षेत्रफल र कित्ता नं.

(ङ) जग्गा प्राप्तिको माध्यम:

२. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था:

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकम

(ख) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरण

(ग) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरण:

३. आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्था:

**प्रमाणित गर्ने**

......................

प्रदेश सचिव

......................मन्त्रालय

अनुसूची-२

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

आयोजनाको लागि बहुवर्षीय स्रोत सहमति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन गर्ने भनी सम्बन्धित मन्त्रालयको निर्णय | | | |
| २. | सरकारी भवन, पुल/कल्भर्ट, झोलुङ्गेपुल, डिपट्युबेल (सिंचाइ तथा खानेपानी प्रणाली), हेड वर्क्स (खानेपानी तथा सिंचाइ) निर्माण बाहेकका आयोजनाको हकमा कुल लागत अनुमान पाँच करोड रूपैयाँभन्दा बढी | | | |
| ३. | आयोजनाको ठेक्का अवधि कम्तीमा दुई वर्ष | | | |
| ४. | पचास करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएका आयोजनाको हकमा सम्बन्धित मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत | | | |
| ५. | प्रचलित कानून बमोजिम आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको वा ५० करोड रुपैयाँ भन्दा कम लागतको आयोजनाको हकमा निर्माण शुरु हुनु अघि वातावरणीय अध्ययन गर्ने सुनिश्चितता | | | |
| ६. | आयोजनाको लागि जग्गा प्राप्ती गर्नुपर्ने भएमा प्राप्तिको कानुनी प्रक्रिया टुङ्गिएको | | | |
| ७. | प्रदेश आयोजना बैंकमा समावेश | | | |
| ८. | प्रस्तावित आयोजनाका लागि चालु आ.व.मा कुल लागत अनुमानको कम्तीमा २५ प्रतिशत बजेट विनियोजन | | | |
| ९. | चालु आ.व.को बजेट तथा कार्यक्रममा समावेश | | | |
| १०. | सडकको हकमा प्रदेश सडक गुरुयोजनाको सूचीमा समावेश | | | |
| ११. | साझेदारी वा सहलगानीमा सञ्चालन हुने आयोजनाको हकमा साझेदारीको प्रकृति र हिस्सा, लगानी तथा सञ्चालन विधि र लाभ बाँडफाँट अनुपात सुनिश्चित | | | |
| १२. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता | | | |
| १३. | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, वार्षिक खरिद योजना तयार | | | |
| १४. | लुम्बिनी प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ ले निर्धारण गरे बमोजिम अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित | | | |

| तयार गर्नेः | पेश गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः प्रदेश सचिव |
| मितिः | मितिः | मितिः |

अनुसूची-३

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**आयोजनाको लागि आवश्यक पर्ने चालु, पुँजीगत, वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप**

| क्र.सं. | आयोजनासँग सम्बन्धित प्रमुख क्रियाकलाप र अपेक्षित उपलब्धि | आयोजनाको वित्तीय अवस्था | | | आयोजना सम्पन्न हुन लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | स्रोत | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

**प्रमाणित गर्ने**

प्रदेश सचिव

.........................मन्त्रालय

अनुसूची-४

(दफा ३ को उपदफा (१) को खण्ड (घ) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

लुम्बिनी प्रदेश सरकार

............मन्त्रालय

आयोजनाको बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी माग फाराम

**खण्ड (क)**

आयोजनाको आधारभूत विवरण

१. आयोजनाको नामः

नेपालीमा

अङ्ग्रेजीमा

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफल

५. आयोजनाको किसिमः

सेवामूलकः अनुसन्धान मूलकः उत्पादन मूलकः

निर्माणः सुशासनः

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयनको क्षेत्र) जिल्लाः प्रदेश निर्वाचन क्षेत्र न.पा/गा.पाः

(ख) छनोटका आधारः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधी (प्रस्तावित जम्मा वर्ष)

(क) शुरू हुने मितिः

(ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड (ख)**

आयोजनाको आर्थिक विवरण

१०. आयोजनाको कूल लागत र स्रोतको विवरण (रू. हजारमा)

११. आयोजनाको कूल रकमको वार्षिक बाँडफाँट (रू. हजारमा )

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. आयोजनाको कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृति

(क) लाभान्वित हुने कूल जनसंख्या

| महिला | बालबालिका | आदिवासी जनजाती | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना संख्या (श्रम दिन)

(ग) उत्पादन वृद्धि हुने अनुमानित परिमाण

(घ) क्षेत्रीय सन्तुलनमा हुने योगदान

१३. मन्त्रालयबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत ईन्जिनियरिङ डिजाइनको संक्षिप्त विवरण

१४. आयोजनाको वातावरणीय प्रभाव मुल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको संक्षिप्त विवरण

१५. आयोजनाको खरिद गुरुयोजना, कार्यान्वयनको कार्य योजना र वार्षिक खरिद योजनाको विवरण

१६. स्थानीय तहसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात र स्रोत समेत सुनिश्चत भएको विवरण

१७. वैदेशिक सहायता संलग्न भएको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भएको विवरण ।

तयार गर्ने

दस्तखत

नाम थर

पदः

मितिः

पेश गर्ने

दस्तखत

नाम थर

पद:

मितिः

स्वीकृत गर्ने

दस्तखत:

नाम थर:

पद: प्रदेश सचिव

मितिः

अनुसूची-५

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

## बहुवर्षीय ठेक्कामा सञ्चालित आयोजनाको विवरण

| क.सं. | आयोजनाको नाम | | | ठेक्का सम्झौता भएको मिति | ठेक्का सम्झौता सम्पन्न हुने मिति | कुल लागत रकम | बहुवर्षीय ठेक्का लागि आयोगबाट स्वीकृति दिएको मिति | मन्त्रालयले स्रोत सुनिश्चितताका लागि सहमति दिएको मिति | आर्थिक वर्ष अनुसार खर्च र सिर्जित दायित्व (प्रत्येक आ.व.को) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब.उ.शि.नं. | खण्ड (section/ Component) | उपखण्ड (sub-project) | | | | | | आ.व. | विनियोजित बजेट | खर्च रकम | बाँकी दायित्व | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |

**प्रमाणित गर्ने**

....................

प्रदेश सचिव

.....................मन्त्रालय